बैठक संख्या ३

आज मिति २०८२/०६/०९ गते बिहिवारका दिन दिउँसो १:०० बजे यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको तेस्रो बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको तेस्रो कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. शुभकामना आदानप्रदान सम्बन्धमा ।
३. विविध ।

निर्णयहरु

१. निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०४/३० गते बसेको दोस्रो कार्यपालिका बैठकको निर्णयहरुको कार्यन्वयनको अवस्थाबारे देहाय बमोजिम यस बैठकमा समिक्षा गरियो ।

क) आ.व. २०८२/८३ का लागि स्वीकृत वार्षिक योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, तालिम र सम्झौता कार्य देशमा भएको आन्दोलन र सोबाट सिर्जित विषम परिस्थिति र अन्यौलताका कारण तोकेको समयमा सबै उपभोक्ता समितिको गठन कार्य सम्पन्न नभएकोले अन्य कार्यक्रम सो पश्चात कार्यान्वयन हुने ।

ख) नगरपालिकाको व्यापारिक क्षेत्रमा व्यवस्थित पार्किङ्गको लागि VAT सहित रु. ५,६५,००० ठेक्का आवहान गरी VAT सहित रु. १३,०६,०२८.०१ मा सिम्रन साहिल कन्सट्रक्शन प्रा.लि.ले ठेक्का सकार गरी सम्झौताको प्रक्रियामा रहेको छ ।

ग) नगर प्रहरी नियुक्तिको लागि विज्ञापन आव्हान गरी दरखास्त संकलन गरिएको तथा परीक्षा लिने तयारीमा रहेको छ ।

घ) महिला तथा बालबालिका विरुद्ध हुने हिंसा सम्बोधनको लागि सिफारिस प्रणाली निर्देशिका निर्माण गरी मिति २०८२/०५/१५ गते सार्वजानिकिकरण गरिएको छ ।

ङ) यस आ.व. का लागि अटो सञ्चालन अनुमतिको लागि सूचना प्रकाशित गरी केही समय पश्चात अनुमति प्रदान गरिनेछ ।

च) नगरपालिका क्षेत्र भित्रका सम्पुर्ण संघ, संस्था, आमा समूह, क्लबहरुलाई दर्ताको लागि सूचना प्रकाशित गरिएको र केही दर्ताको प्रक्रियामा आएका छन्।

छ) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) पढ्न इच्छुक विद्यार्थीको पहिचानको तयारी गरिएको छ ।

ज) श्री जागरण कृषि सहकारी संस्था लि. खारेज गरी सो संस्थामा रहेको जगेडा रकम रु. ६२,२८०.९८ श्री कालिगण्डकी आधारशिला कृषि सहकारी संस्था लि. ले प्राप्त गरेको छ ।

झ) श्री जब्गादी बचत तथा ऋण सहकारी संस्था लि. खारेज गरी सो संस्थाको नाममा रहेको ०-५-०-० जग्गा श्री नवज्योती बचत तथा ऋण सहकारी संस्था लि. ले प्राप्त गरेको छ ।

ञ) माथि उल्लेखित बाहेक विभिन्न विषयमा छलफल तथा समिक्षा गरियो ।

२. निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा हिन्दु धर्मावलम्बीहरुको महान चाड विजयादशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति सुख, शान्ति, समृद्धि, आपसी सद्भावना र उत्तरोत्तर प्रगतिको मंगलकामना व्यक्त गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालमा भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनमा दिवंगत भई शहीद हुनुभएका महान आत्माहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो। त्यसैगरी सो आन्दोलनमा घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको शुभकामना व्यक्त गर्दै यस्ता घटनाहरू पुनः नदोहोरिउन् भन्ने भावना व्यक्त गर्ने निर्णय पनि गरियो।

४. निर्णय नं. ४ प्रस्ताव नं. ३ माथि छलफल गर्दा परम्परा देखि चल्दै आएको कोटपुजा कार्यको लागि विगत वर्षहरुमा जस्तै यस आर्थिक वर्षको विजया दशमीको उपलक्ष्यमा गरिने कोटपुजाको लागि "विभिन्न साँस्कृतिक चाडपर्व खर्च" शिर्षकवाट कट्टा हुने गरी देहाय बमोजिमका कोटघरहरुमा प्रतिकोट रु १५,०००/- का दरले कोटपूजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

क) बर्दाकोट कोटघर - वडा नं १
ख) दुर्गा देवी कोटघर - वडा नं २
ग) ऐतिहासिक कोटघर बोटेगाउँ - वडा नं. ३
घ) मौलाथर कोटघर - वडा नं ४
ङ) मौलाकालिका कोटघर - वडा नं ७, मुडीखोप
च) अकलाकालिका कोटघर - वडा नं ७, बाहुनडाँडा
छ) कोटडाँडा कोटघर - वडा नं ९
ज) भिमा देवी कोटघर - वडा नं १०, मगरे
झ) दुर्गा भवानी कोटघर - वडा नं १०, मौलाथर
ञ) इलाका प्रहरी कार्यालय दुर्गा भवानी मन्दिर कोटघर, रामपुर-४, देविस्थान

५. निर्णय नं. ५ प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ गते प्रकाशित प्रेस विज्ञप्तिलाई आत्मसात् गर्दै १० लाख भन्दा माथिका आयोजनाहरु ठेक्का विधिबाट कार्यान्वयम गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाले मिति २०८०/०९/०२ गते करुणा निजी शैक्षिक गुठिको विधान दर्ता गरी मिति २०८२/०४/१५ गते हटल्याड एकेडेमी संचालन गर्न अनुमति दिइएको हुँदा करुणा पाल्पा निजी शैक्षिक गुठीको नाममा वडा नं. ९ मा रहेको कित्ता नं. २३०, २३१, २३२, २३३ र १०३२ को १५ रोपनी क्षेत्रफल जग्गामा भौतिक पूर्वाधार निर्माण गर्नको लागि भवन आचारसंहिता मापदण्ड बमोजिम दर्ता प्रक्रिया अगाडी बढाउन अनुमति दिने निर्णय गरियो ।

७. निर्णय नं. ७ प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संसोधन २०८२ पश्चात प्राप्त टु ए. ब्रदर्श ग्रुप बिल्डर्स एण्ड कन्ट्रयाक्टर प्रा.लि.ले दिइएको निवेदन उपर कारबाही गर्दा तोकेको मापदण्डका पुरा भएकोले "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो।

८. निर्णय नं. ८ प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत भई लेखा परीक्षणमा औंल्याएका विषयहरुलाई आगामी दिनमा सुधार गर्दै मितव्ययी, पारदर्शी, वित्तीय सुशासन कायम गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै भविष्यमा यस्ता त्रुटिहरू दोहोरिन नदिने निर्णय गरियो ।

९. निर्णय नं. ९ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर वन वातावरण तथा विपद ब्यबस्थापन समितिको सिफारिसका आधारमा रामपुर नगरपालिका वडा नं ६ निवासी सागर प्रसाद भण्डारीको छोरा ३६ वर्षीय जनक भण्डारीको मिति २०८२/०३/२४ गते बुटवलबाट पाल्पा तर्फ जाँदै गर्दा तिनाउ गाउँपालिका वडा नं ३ सिद्धार्थ राजमार्गमा सडक माथिबाट पहिरो खसी दुर्घटना परी मृत्यु भएको हुँदा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को उपदफा ९(क) बमोजिम कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु.२,००,००० (अक्षेररुपीः दुई लाख रुपैया) राहत दिनुपर्ने व्यवस्था भए बमोजिम उक्त रकम निजको श्रीमती कल्पना चापागाईलाई विपद् व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

१०. निर्णय नं. १० प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना अन्तर्गत वडा स्तरीय मर्मत सम्भार योजना कार्यान्वयन गर्दा प्राविधिक स्टिमेट तथा सम्झौता गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

११.निर्णय नं. ११ प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको मिति २०८२/०५/०३ प्रकाशित पार्किङ्ग शुल्क उठाउनको लागि सिलबन्दी दरभाउपत्र आवाह्न सम्बन्धी सूचना बमोजिम सिम्रन साहिल कन्सट्रक्सन प्रा.लि. मध्यपुर ठिमी लाई ठेक्का सकार भई सम्झौता गर्ने क्रममा कबोल गरेको रकमको ५०% नगद जम्मा गर्ने र बाँकी ५०% पौष मसान्तर सम्मको बैंक जमानत बुझाई सम्झौता गर्ने निर्णय गरियो ।

१२.निर्णय नं. १२ प्रस्ताव नं. ३ माथि छलफल गर्दा "मजदुर व्यवस्थापन कार्यविधि, २०८१" अनुसार मजदुरहरुको नियमन र हकहितको संरक्षणको लागि देहाय बमोजिमको मजदुर व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । साथै समितिको निर्णय अनुसार कार्यविधि अनुसारको कार्य गर्ने निर्णय गरियो ।

| क.सं. | वैधानिक व्यवस्था | नामथर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | रमण बहादुर थापा | संयोजक | |
| २ | नगर उपप्रमुख | बाल कुमारी थापा | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सुर्य दर्शन पण्डित | सदस्य | |
| ४ | कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य | दोवराज तिवारी | सदस्य | |
| ५ | ईन्जिनियर | रन्जन न्यौपाने | सदस्य | |
| ६ | मजदुरको हकहितमा काम गर्ने संस्थाको प्रमुख | यम बहादुर सुनार | सदस्य | |
| ७ | भवन निर्माण, विद्युत तथा पलम्बिङ्ग क्षेत्रमा कार्यरत दक्ष मजदुर मध्येबाट नगरप्रमुखले तोकेको २ जना | निलकण्ठ भण्डारी | सदस्य | |
| | | दुल बहादुर काम्मु | सदस्य | |
| ८ | रोजगार शाखा प्रमुख | गणेश प्रसाद रेग्मी | सदस्य सचिव | |

१३.निर्णय नं. १३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय बमोजिमका खर्च शीर्षकबाट सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः-

खर्च शीर्षकः- नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम)

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | लालिगुराँस एसोसिएसन, रामपुर-५ | २,००,००० | प्रथम लालिगुराँस कप 7 A side-2082 आर्थिक सहयोग माग |
| २ | रोल मोडल सोसाइटी, रामपुर-६ | २५,००० | खुल्ला क्रिकेट प्रतियोगिताका लागि आर्थिक सहयोग माग |

खर्च शीर्षकः- विपद् व्यवस्थापन कोष

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्याक्लुक फाँट सिंचाइ तल्लो कुलो, रामपुर-६ | २५,००० | वर्षाका कारण १० मिटर कुलो पहिरो गई क्षति पुगेको पुनर्निर्माणका लागि सहयोग माग |
| २ | बोहोरीडाँडा तल्लो कुलो र रातमाटा बिच कुलो, रामपुर-३ | २५,००० | वर्षाका कारण पहिरो गई क्षति पुगेकोले पुनर्निर्माणका लागि सहयोग माग |
| ३ | बर्दले फाँट सिंचाई योजना, रामपुर-१० | १५,००० | गोकर्णे अधेरीमा बाढीले कुलोमा क्षति पुऱ्याएको |
| ४ | जहुर दिन मियाँ, रामपुर-३, इस्लामपुर | ३०,००० | निज कतारमा काम गर्ने क्रममा प्रेसरले हानेर असक्त भइ उपचाररत रहेको र घरको अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग |

खर्च शीर्षकः- लाखे नाच प्रवर्द्धन कार्यक्रम

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | साविक गजरकोट नेवा समुह, रामपुर | २५,००० | बाद्यबादन सामग्री र पोशाक खरिदका लागि आर्थिक सहयोग माग |

१३. निर्णय नं. १३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय बमोजिमका खर्च शीर्षकबाट सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः-

खर्च शीर्षकः- नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम)

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | लालिगुराँस एसोसिएसन, रामपुर-५ | २,००,००० | प्रथम लालिगुराँस कप 7 A side-2082 आर्थिक सहयोग माग |
| २ | रोल मोडल सोसाइटी, रामपुर-६ | २५,००० | खुल्ला क्रिकेट प्रतियोगिताका लागि आर्थिक सहयोग माग |

खर्च शीर्षकः- विपद् व्यवस्थापन कोष

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्याक्लुक फाँट सिंचाइ तल्लो कुलो, रामपुर-६ | २५,००० | वर्षाका कारण १० मिटर कुलो पहिरो गई क्षति पुगेको पुननिर्माणका लागि सहयोग माग |
| २ | बोहोरीडाँडा तल्लो कुलो र रातमाटा बिच कुलो, रामपुर-३ | २५,००० | वर्षाका कारण पहिरो गई क्षति पुगेकोले पुननिर्माणका लागि सहयोग माग |
| ३ | बर्दले फाँट सिंचाई योजना, रामपुर-१० | १५,००० | गोकर्णे अधेरीमा बाढीले कुलोमा क्षति पुऱ्याएको |
| ४ | जहुर दिन मियाँ, रामपुर-३, इस्लामपुर | ३०,००० | निज कतारमा काम गर्ने क्रममा प्रेसरले हानेर असक्त भइ उपचाररत रहेको र घरको अवस्था कमजोर रहेकोले आर्थिक सहयोग माग |

| | | | |
|---|---|---|---|
| ५ | तुल बहादुर रावत, रामपुर-२, सेरा | ४०,००० | निजको श्रीमती दान कुमारी राउतको अरिङ्गालले तोकेर निधन भएको र काज क्रिया खर्चका लागि आर्थिक सहयोग माग |
| ६ | सुष्मा सार्की, रामपुर-२ | १५,००० | निज सुष्मा सार्कीको किड्नीमा पत्थरी भइ ग्रसित भएकोले उपचरका लागि आर्थिक सहयोग माग |
| ७ | धर्मागत रेग्मी, रामपुर-७ | ३०,००० | विद्युत सर्ट भई गोठमा आगलागी भएको (१ वटा पाडा जलेर मृत्यू, २० मुरी मकै,५/५ बोरा चोकर र बरान,२ बोरा युरिया मल, २० बोरा धान लगायत बुद्धि सागर सुवेदीको हात जलेर क्षति पुगेको) |
| ८ | तिल कुमारी सार्की, रामपुर-९ | १२,००० | निज तिल कुमारी सार्की कलेजो तथा आन्द्रा सम्बन्धी रोगबाट ग्रसित भई उपचाररत रहेको र उपचारका लागि आर्थिक सहयोग माग |
| ९ | लिला कुमारी बारघरे, रामपुर-९ | ३०,००० | वर्षाका कारण घर भत्किएर क्षति पुगेको(घरमा बस्न नमिल्ने भई गोठमा बसोबास गर्दै आएको) |
| १० | अनिसा सुनार, रामपुर-७ | १५,००० | निजको छोरी एपेण्डीस साईडको विरामी भई उपचाररत रहेकोले थप उपचारका लागि आर्थिक सहयोग |
| ११ | घन बहादुर बराल, रामपुर-३ | ३०,००० | अविरल वर्षाको कारणले घर भत्किएर क्षति पुगेकोले राहत सहयोग माग |

खर्च शीर्षकः- लाखे नाच प्रवर्द्धन कार्यक्रम

| क्र. सं. | निवेदक | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | साविक गजरकोट नेवा समुह, रामपुर | २५,००० | बाद्यबादन सामग्री र पोशाक खरिदका लागि आर्थिक सहयोग माग |

१४. निर्णय नं. १४. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस आ.व. २०८२/०८३ अन्तर्गत यस रामपुर नगरपालिका अन्तर्गत धारादी खानेपानी व्यवस्थापन शीर्षकमा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुन आएको रकम धरादी खानेपानी व्यवस्थापन वडा नं. ४ मा हुनुपर्नेमा अन्यथा भएकोले र सोही नामको खानेपानी योजनाको काम वडा नं. १ मा सम्पन्न भई सकेकाले यस आ.व.मा वडा नं. ४ को योजनामा काम गर्ने निर्णय गरियो ।

१५. निर्णय नं. १५. प्रस्ताव नं. ३ माथि छलफल गर्दा पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ५, रामघाटमा सञ्चालन हुन लागेको जेष्ठ नागरिक स्कुलको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि रामपर नगरपालिकाको जेष्ठ नागरिक स्कुल सञ्चालन कार्यविधि २०८२ बमोजिम तपसिल बमोजिम हुने गरी गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | बुद्धि प्रकाश रेग्मी | बुद्धिजीवि, समाजसेवीहरु मध्येबाट |
| २ | उपाध्यक्ष | मिनराज रेग्मी | विद्यालयको जग्गादाता मध्येबाट |
| ३ | कोषाध्यक्ष | चन्द्रा न्यौपाने | सम्बन्धित क्षेत्रमा काम गरेका व्यक्तिहरु मध्येबाट |
| ४ | सह-सचिव | सुरज गौतम | विभिन्न संघ संस्थामा काम गरेका व्यक्तिहरु मध्येबाट |
| ५ | सदस्य | दुर्गा प्रसाद पोखेल | सम्बन्धित वडाको वडाध्यक्ष |
| ६ | सदस्य | सुन्दर प्रसाद देवकोटा | सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट |
| ७ | सदस्य | कृष्ण प्रसाद अर्याल | ज्येष्ठ नागरिक संघ रामपुरका अध्यक्ष |
| ८ | सदस्य | फत्त बहादुर मल्ल | सम्बन्धित क्षेत्रमा काम गरेका व्यक्तिहरु मध्येबाट |
| ९ | सदस्य | चन्द्र बहादुर राना | विभिन्न संघ संस्थामा काम गरेका व्यक्तिहरु मध्येबाट |
| १० | सदस्य | देविका गहतराज | विभिन्न संघ संस्थामा काम गरेका व्यक्तिहरु मध्येबाट |
| ११ | सदस्य सचिव | प्रविन तिमिल्सेना | स्कुल व्यवस्थापक वा प्रमुख |